Regd. No. 926/061/062

# राधी विद्युत कम्पनी लिमिटेड
# RADHI BIDYUT COMPANY LIMITED

Ref No:- 262/078/79

मिति : २०७९/०१/२७

१. श्री नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

२. श्री नेपाल स्टक एक्सचेन्ज लि.

युएन आई, शान्ति मार्ग, भद्रकाली प्लाजा, काठमाण्डौं ।

**विषय : जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस राधी विद्युत कम्पनी लिमिटेड ले विद्युत नियमन आयोगमा १:१.४७५२ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निश्काशनका लागी स्वीकृती माग गरी निवेदन पेश गरेकोमा आयोग वाट कम्पनीको चुक्तापुंजी रु ६४,६४,०४,६२२ /- को १:१४७५२ को अनुपातमा हकप्रद शेयर निश्काशन गर्न सहमति प्रदान गरिएको भन्ने पत्र यस कम्पनीमा मिति २०७९/०१/२७ गते अपरान्ह ३:३० वजे प्राप्त भएकोले सो पत्रको फोटोकपि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**संलग्न कागजात**

१. विद्युत नियमन आयोगको पत्रको फोटोकपि १

भवदीय

कम्पनी सचिव

P.O. Box: 4995, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 01-4232749, 4232750, Email: info@radhibidyut.com.np, Web: radhibidyut.com.np

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

प.स: ०७८/०७९
च.नं: ४२८

मिति: ०७९।१।२३

श्री राधी विद्युत कंपनी लि.

थापाथली, काठमाण्डौं ।

**विषयः शेयर निष्काशनमा सहमति प्रदान गरिएको सम्वन्धमा ।**

तहाँबाट पेश भएको निवेदन उपर आयोगमा कारवाही हुँदा विद्युत सम्वन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका ,२०७८ को दफा ५ बमोजिम हुने गरी राधी विद्युत कम्पनी लि.ले कसुवा खोला हाइड्रोपावर  लि. को कुल शेयर पुँजी रु  २ अर्व २० करोड ३ लाख १३ हजरको ५१% हिस्सा वरावरको रु. १ अर्व १२ करोड २१ लाख ५९ हजार ६३० मध्ये रु.९५,३५,७६,०९९ शेयर लगानी गर्न राधी विद्युत कम्पनी लि. कुल चुक्ता पुँजी रु ६४,६४,०४,६२२ को १:१.४७५२ को अनुपातमा हुने रु. ९५,३५,७६,०९९ बराबरको हकप्रद शेयर निष्काशन गर्न निम्न शर्तहरु सहित सहमति प्रदान गर्ने आयोगको मिति ०७९।१।१९ को १५६औं वैठकको निर्णय अनुसार अनुरोध छ।

शर्तहरु:

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका वमोजिम कार्यान्वयन गर्न र निर्दिश्ट विषय सम्पादन गर्न समय समयम आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर वुझाउनुपर्ने भएमा सम्वन्धित निकायमा सो कर वुझाउनुपर्नेछ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्वन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) हकप्रद शेयरको निश्कासन सम्वन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को पालना गर्नुपर्नेछ ।

ङ) कम्पनीले हकप्रद शेयर वापतको रकम सम्वन्धित आयोजना निर्माणमा मात्र लगाउनु पर्नेछ।

सुरेश श्रेष्ठ

इ.इन्जिनियर

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२